**आकाशवाणी समाचार- नेपाली**

मितिः ०१ अप्रेल २०२६

समयः ०६:२५ - ०६:३० बजे (*अवधिः ०५ मिनट*)

**प्रमुख समाचार**

१.विश्वको सबैभन्दा अधिक जनसंख्या प्रक्रिया, जनगणना-2027 को पहिलो चरण आजबाट शुरू हुनेछ।

२.प्रधानमंत्री र भारतीय जनता पार्टीका वरिष्ठ नेता श्री नरेन्द्र मोदी असममा आगामी विधानसभा चुनावहरुको प्रचारको सिलसिलामा आज राज्यको भ्रमणमा हुनुहुन्छ।

३.निर्वाचन आयोगले पश्चिम बंगालको हंसखाली नदियाका ब्लक विकास अधिकृत सायन्तन भट्टाचार्यलाई निलम्बन गरेको छ।

४.भारतीय गोर्खा प्रजातान्त्रिक मोर्चाका कालेबुङका प्रार्थी रुदेन सादा लेप्चा अनि खरसाङका प्रार्थी अमर लामाले आज आफ्नो नामाङ्कन पत्र भर्नेछन |

५.रिम्बिकमा द बुद्ध ट्रेल म्याराथन ४ अप्रेलमा हुने भएको छ।

६.खरसाङमा ब्राउन सुगरसहित एक युवक पक्राउ परेको छ।

**जनगणना 2027**

विश्वको सबैभन्दा अधिक जनसंख्या प्रक्रिया, जनगणना-2027 को पहिलो चरण आजबाट शुरू हुनेछ। जनगणना दुई चरणहरूमा आयोजित गरिनेछ। पहिलो चरणमा भवन सूचीकरण र दोस्रो चरणमा जनसंख्या गणना हुनेछ। यसको लागि 1 मार्च, 2027 संदर्भ तिथि निर्धारित गरिएको छ। पहिलोचोटी, जनगणना डिजिटल माध्यमबाट हुनेछ, जसमा स्व-गणनाको विकल्प पनि उपलब्ध रहनेछ। यो स्व-गणना आजदेखि महिनाको 15 तारीकसम्म चल्नेछ। भवन सूचीकरण र आवास जनगणना 16 अप्रैलदेखि शुरू भएर 15 मईसम्म जारी रहनेछ।

भवन सूचीकरणमा सबै भवनमा र संरचनाहरूको सूची तैयार गरिनेछ तथा आवासीय स्थिति, उपलब्ध सुविधाहरू र परिसंपत्तिहरूसित संबंधित जानकारी जुटाईनेछ। भवनहरूको **जियो-टैगिंग** पनि गरिनेछ र प्रत्येक संरचनालाई एक विशिष्ट पहिचान संख्या दिइनेछ। देशभरीमा यस कार्यको लागि तीस लाख भन्दा अधिक गणनाकर्मी, पर्यवेक्षक र अन्य अधिकारी तैनाथ गरिएको छ। साथै, नागरिकले सोह्र भाषाहरूमा आफ्नो जानकारी अनलाइन दर्ता गराउन सक्नेछन्|दोस्रो चरण आगामी वर्ष फरवरीमा आयोजित गरिनेछ। यसमा आयु, लिंग, व्यवसाय, साक्षरता र जाति सम्बन्धि विवरण एकत्र गरिनेछ। केंद्र सरकारले जनगणना-2027 को लागि **11 हजार 7 सय अठारह करोड़** रुपियाँ भन्दा अधिक राशि स्वीकृत गरेको छ। हिमपात हुने क्षेत्रहरू जस्तै लद्दाख, जम्मू-कश्मीर, हिमाचल प्रदेश र उत्तराखंडको लागि संदर्भ तिथि 1 अक्टूबर, 2026 निर्धारित गरिएको छ।

**प्रधानमंत्री-असम भ्रमण**

प्रधानमंत्री र भारतीय जनता पार्टीका वरिष्ठ नेता नरेन्द्र मोदी असममा आगामी विधानसभा चुनावहरुको प्रचारको सिलसिलामा आज राज्यको भ्रमणमा हुनुहुन्छ। चुनावमा अब केवल सात दिन बाकी रहेको छ। श्री मोदी हिज राति लगभग 9 बजे डिब्रूगढ़ आइपुग्नु भयो।

**Byte**

**एसआईआरबिना मतदान सम्भव छैन- शमिक भट्टाचार्य**

पश्चिम बंगालमा जारी चुनावी प्रक्रियाबीच मतदाता सूचीमा कथित गड़बड़ीलाई लिएर राजनीतिक माहोल तातिएको छ। यसबारे भाजपाका प्रदेश अध्यक्ष शमिक भट्टाचार्यले हिज , पश्चिम बंगालमा एसआईआरबिना मतदान सम्भव छैन भनि बताएका छन् ।शमिक भट्टाचार्य़ले हिज मीडियासिको कुराकानीमा भन्नु भयो , तपाई (तृणमूल) ले जतिनै शिकायत गरुन्, सुप्रीम कोर्ट जानसक्छन्- हामीलाई यससित कुनै सरोकार छैन। हामी तपाईद्वारा जमा गरिएको फारम 7 लाई गम्भीरताले हेर्न चाँहन्छौं। एसआईआरबिना भोटिङ असम्भव छ। यदि एसआईआर भएन भने भोटिङ पनि हुनेछैन।

**कोलकता प्रदर्शन**

कोलकतामा हिज फार्म-6 जमा गर्ने विषयलाई लिएर मुख्य चुनाव अधिकारी कार्यालय बाहिर तृणमूल कांग्रेससंग सम्बन्धित बूथ स्तरका अधिकारिहरु र भारतीय जनता पार्टी कार्यकर्ताहरुकोबीच भएको विरोध-प्रदर्शन झडपमा परिणत भएको थियो।

मुख्य चुनाव अधिकारी मनोज कुमार अग्रवालले एक संवाददाता सम्मेलनमा स्पष्ट भन्नु भयो कि कुनै व्यक्ति द्वारा दस्तावेज जमा गर्नेको संख्यामा कुनै प्रतिबंध छैन। उहाँले भन्नु भयो कि संशोधित नियमहरु अनुसार फार्म-6 सित संबंधित आवेदन अब बर्षभरि नै जमा गर्न सकिने भएको छ।

यसअघि यी फाराम तोकिएको अवधिभित्र बुझाउने गरिएको थियो। तथापि, निर्वाचनको लागि मतदाता नामावलीमा योग्यताको लागि, नामाङ्कनको अन्तिम मितिभन्दा दस दिन अघि मात्र फारमहरू पेश गर्न र प्रशोधन गर्न सकिनेछ |

**चुनाव आयोग - ब्लॉक विकास अधिकारी (बीएलओ) का निलंबन**

निर्वाचन आयोगले पश्चिम बंगालको हंसखाली नदियाका ब्लक विकास अधिकृत सायन्तन भट्टाचार्यलाई निलम्बन गरेको छ। रानाघाटमा प्रशिक्षणका क्रममा यो घटना भएको हो। आयोगले राज्यका मुख्य सचिवलाई उनीविरुद्ध तत्काल विभागीय छानबिन गर्न पनि निर्देशन दिएको छ। आयोगका अनुसार प्रशिक्षण कार्यक्रमको इन्चार्ज हुँदाहुँदै पनि भट्टाचार्यले तोकिएको प्रोटोकल पालना नगरेको बताइएको छ ।

यो घटना 27 मार्चमा नोएडाको राणाघाट स्थित देबनाथ संस्थानमा भएको थियो। बताइएको छ कि मतदान कर्मिहरुले मुख्यमंत्री ममता बनर्जी र दीघा जगन्नाथ मंदिरसित जुड़ेका राज्य सरकारको प्रचार वीडियो दिखाइएको माथि विरोध गरेका थिए। यो आदर्श आचार संहिताको उल्लंघन हो भनि उनीहरुले आरोप लगाएका थिए। यसको परिणामस्वरूप भएको हिंसामा एक शिक्षक, सैकत चट्टोपाध्याय गंभीरले घाइते भएका थिए। यस मामिलामा राणाघाट पुलिस स्टेशन मा एफआईआर दर्ता गरिएको छ।

**अभिषेक ब्यानर्जीको जनसभा**

तृणमूलका महासचिव तथा सांसद अभिषेक ब्यानर्जीले आज दिउँसो आमबाड़ीमा एउटा ठूलो चुनावी सभालाई सम्बोधन गर्नुहुनेछ । राजगञ्ज विधानसभा क्षेत्रबाट तृणमूल कांग्रेसकी उम्मेदवार स्वप्ना बर्मनको समर्थनमा यो सभा आयोजना गरिँदैछ। सभा अगाड़ी आमबाड़ीको सुदामगञ्ज मैदानमा तयारी तीव्र गतिमा भइरहेको छ। मञ्च निर्माणदेखि लिएर सुरक्षा र भीड़ व्यवस्थापनसम्म सबै व्यवस्थालाई अन्तिम रूप दिइँदैछ। तयारीको समीक्षा गर्न हिज वरिष्ठ तृणमूल नेताहरू घटनास्थलमा पुगेका थिए ।

उनीहरूले बताए, लगभग 50 हजार कार्यकर्ता र समर्थकहरू र्‍यालीमा उपस्थित हुने अपेक्षा गरिएको छ।

**अनित थापा**

भारतीय गोर्खा प्रजातान्त्रिक मोर्चाका खर्साङ अनि कालेबुङ बिधानसभा क्षेत्रका प्रार्थीहरुले आज नामांकन पत्र दर्ता गर्ने भएको छ। यस जानकारी जी टी ए प्रमुख कार्यपाल तथा भारतीय गोर्खा प्रजातान्त्रिक मोर्चाका अध्यक्ष अनित थापाले हिज एक भिडियो सार्वजनिक गरेर दिनु भएको हो। आज बिजीपीएमका कालेबुङका प्रार्थी रुदेन सादा लेप्चा अनि खरसाङका प्रार्थी अमर लामाले आफ्नो नामाङ्कन पत्र भर्नेछन अनि दार्जीलिङमा २ तारिकको दिन विजय कुमार राईले नामाङ्कन पत्र भर्ने जानकारी श्री

थापाले दिनु भएको छ। उहाँले आज खरसाङवासी अनि कालेबुङवासीलाई नामाङ्कन ऱ्यालीमा आइदिने अनुरोध पनि गर्नुभएको छ। यसपालीको भोट पहाडको शान्ति र विकासलाई निरन्तरता दिने अनि झुटको राजनीति देखी उन्मुक्ति पाउने चुनाउ हो भन्दै आफुहरुले आवेग अनि उत्तेजनामा आएर होइन, सत्य र तथ्यलाई अगाडि राखेर राजनीति गरेको उहाँले बताउनु भएको छ। यो राजनैतिक सोचलाई अघि लैजाने पनि यसपालिको चुनाव हो भनी उहाँले बताउनु भएको छ। उहाँले थप जानकारी दिंनुहुदै आजको दिनमा भारतीय चुनाउ आयोगको ( ECI ) चुनाउ चिन्हको सूचीमा मोमबत्ती चिन्ह नरहेको त्यसर्थ यसपल्ट क्याण्डलको साटो अन्य चिन्हमा चुनाउ लड्नु पर्ने बताउनु भएको छ।

**रिम्बिकमा द बुद्ध ट्रेल म्याराथन**

प्रत्येक वर्ष झैँ यस वर्ष पनि रिम्बिकमा द बुद्ध ट्रेल म्याराथन ४ अप्रेलमा हुने भएको छ। हरियाणाको एक संस्था द हेल रेसद्वारा आयोजित अनि रिम्बिक नेचर गाइड एसोसिएसनको सहयोगमा 'द बुद्ध ट्रेल' को चौथो संस्करण रिम्बिक बजारबाट शुरु हुनेछ।ट्रेलको निम्ति तयारी युद्धस्तरमा भइरहेको छ। ट्रेल तीनवटा वर्गमा हुने तय भएको छ जसमा ६५ किमी, ३० किमी अनि १२ किमीको दौड समावेश छन्। दौड रिम्बिक बजारदेखि शुरु भएर सोही स्थानमा नै अन्त्य हुने जानकारी आयोजक पक्षले दिएको छ।ट्रेलले सिंहलीला रेन्जको ग्रामीण भेकहरुको विचरण गर्नेछ भने भारत लगायत भूटान साथै अन्य देशका धावकहरुको सहभागिता हुने निश्चित भएको छ। ट्रेलको निम्ति कुल ३५० धावकहरुले नाम दर्ता गराइसकेको आयोजक पक्षले बताएको छ।

**खरसाङमा ब्राउन सुगरसहित एक युवक पक्राउ**

खरसाङमा ब्राउन सुगरसहित एक युवक पक्राउ परेको छ। उक्त युवकलाई खरसाङको फाटक क्षेत्रबाट खरसाङ पुलिसले पक्राउ गरेको हो। युवकबाट 12 ग्राम ब्राउन सुगर जफत गरिएको छ। युवकलाई पुलिस हिरासतमा राखेको छ भने आज कोर्टमा प्रस्तुत गरिने बताइएको छ।खरसाङ पुलिस थानाका आईसी पलास मोहोतोले यस विषयमा पत्रकारहरुसित कुराकानी गर्दै बताए अनुसार, युवकलाई साँझ 6:30 बजीतिर खरसाङको फाटक क्षेत्रबाट पक्राउ गरिएको हो।

****** ० ******